# गणेशमान चारनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, वीरेन्द्रबजार, धनुषा ।

**चारनाथ खोलाबाट यस आ.व.को बाकी अवधिको (फाल्गुण २० गतेदेखि जेठ मसान्तसम्म) लागि ढुंगा, वालुवा, गिटी रोडाको बिक्री करको ठेक्का बन्दोबस्तको सिलवन्दी बोलपत्र आहवानको सूचना।**
**(दोस्रो पटक प्रकाशित मिति २०७४।११।०९)**

यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ बमोजिम गणेशमान चारनाथ नगरपालिका वीरेन्द्रबजार, धनुषाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिटी, वालुवा, ग्राभेल रोडाको बिक्री कर यस नगरकार्यपाालिकाको निर्णयानुसार निम्न दररेटमा तपसिल बमोजिमको खोला र नदीबाट तोकिएको परिमाणमा बिक्रीकर संकलन सम्बन्धी ठेक्का बन्दोवस्त गर्नु परेकोले बोलपत्रदाताको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा २०७३।०७४ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपीहरु पेश गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट सिलवन्दी वोलपत्र आहवानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्काको किसिम | उठाउन पाउने परिमाण | दररेट | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | चारनाथ र बालुवा खोलाबाट ढुंगा, गिट्टी, वालुवा र रोडाको बिक्री कर | ९,९०,००० क्यू.वि.फिट | रु. २ प्रति क्यू.बि.फिट. | १९,८०,०००।- (मू.अ.कर बाहेक) | १०००।०० |

**शर्तहरु :**

१. विक्रिकर २०७४ फाल्गुण २० गतेदेखि २०७५ जेष्ठ मसान्त सम्म संकलन गर्न सकिने छ ।
२. दरभाउ वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सक्नेछ र खरिद भएका बोलपत्रहरु ८ औं दिन दिनको १२ : ०० बजे सम्म कार्यालयमा दर्ता गर्न सक्नेछ ।
३. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमश: अन्तिम दिन र सोही समयलाई मानिनेछ ।
४. प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिन दिनको २ :०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । साथै, बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
५. बोलपत्र दाताले दर्ता गर्दा आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक भानु चौक जनकपुरमा रहेको हि.नं. **कोड नं. १७-३६५-१४ ग-३ धरौटी खाता-१२२०३०३००७११०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक ग्यारेण्टी कागज संलग्न गर्नु पर्नेछ ।
६. ठेक्का सम्झौता भै सकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिइने छैन् । तर ठेक्केदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एक मुष्ट बुझाएमा ५ प्रतिशत स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७० बमोजिम छुट दिन सक्निेछ ।
७. नदी वा खोलामा उत्खनन वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन ।
८. ढुंगा, वालुवा, गिट्टी, ग्राभेल, रोडा बिक्री तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाट पुल, पुलेसा, लोक मार्ग जस्ता सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मी. उत्तर र दक्षिण छोडेर मात्र ढुंगा, वालुवा, गिट्टी, रोडा, ग्राभेल उठाउन पाईनेछ ।
९. नदीको दुवै किनार २५-२५ प्रतिशत भाग छोडी ढुङ्गा, गिट्टी, वालुवा संकलन गर्न पाईनेछ ।
१०. वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी उत्खनन विक्री गर्न पाईने छैन ।
११. ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर रकम ठेक्केदारले आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ ।
१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३. ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईने छ ।
१४. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकार गर्ने , नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत